# स्थानीय राजपत्र

## मर्चवारी गाउँपालिकाद्वारा प्रकाशित

### मर्चवारी गाउँपालिका कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७७

**प्रस्तावना :**

**कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी कार्यमा संलग्न जनशक्तिलाई नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६।१२।९ को निर्णय अनुसार जोखिम भत्ता उपलब्ध गराउन बांछनीय भएकाले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले जारी गरेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को अधिनमा रही यो कार्यविधि जारी गरिएको छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "मर्चवारी गाउँपालिका कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि मर्चवारी गाउँपालिका गाउँकार्यपालिकाको बैठकबाट प्रमाणिकरण भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "गाउपालिका" भन्नाले मर्चवारी गाउँपालिकालाई सम्फिनु पर्दछ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले मर्चवारी गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्फिनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्फिनु पर्दछ ।

(घ) "बिभाग" भन्नाले स्वास्थ्य सेवा बिभाग सम्फिनु पर्दछ ।

(ङ) "उपचार" भन्नाले कोभिड-१९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचार सम्बन्धी स्वास्थ्य सेवा सम्फिनु पर्दछ ।

(च) "जोखिम भत्ता" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम र उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहने जनशक्तिलाई यस कार्यविधि बमोजिम प्रदान गरिने भत्ता

सम्झिनु पर्दछ ।

(छ) "जनशक्ति" भन्नाले कोभिड-१९ को संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न दफा ३ बमोजिमको निकायको सोही बमोजिमको कार्यमा संलग्न देहाय बमोजिमको जनशक्ति सम्झिनु पर्दछ ।

१. चिकित्सक
२. नर्स
३. पारामेडिक्स
४. प्रयोगशाला कर्मी
५. इमेजिड सेवा प्रदायक
६. एम्बुलेन्स चालक तथा सहायक
७. सुरक्षाकर्मी
८. प्रशासनिक तथा अन्य कर्मचारी र सहायक कर्मचारी
९. कार्यालय प्रमुखले कोभिड-१९ को संक्रमणको रोकथाम नियन्त्रण तथा उपचारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहेको भनी तोकेका अन्य कर्मचारी ।

**३. जोखिम भत्ता प्राप्त गर्न सक्नेः**

(क) देहाय बमजिमका क्वारेन्टाइनमा कार्यरत जनशक्तिः

(१) कोभिड-१९ को संक्रमण हुन सक्ने संका गरिएका बिभिन्न नाकाबाट नेपाल प्रवेश गरेका स्वदेशी तथा विदेशि नागरिकलाई राख्नका लागि मर्चवारी गाउँपालिका अन्तर्गत खडा गरिएका क्वारेन्टाइनमा खटिएका

(ख) देहाय बमोजिमको उपचारमा संलग्न जनशक्तिः

(१) संक्रमणको संकास्पद व्यक्तिलाई सुरु परीक्षण स्क्रिनिङ र सो कार्यमा सहयोग पुर्याउने तथा फिवर ज्वरो क्लिनिकमा खटिएका जनशक्ति

(२) संक्रमणको संकास्पद व्यक्तिलाई आइसोलेसनमा राखेको अवस्थामा त्यस्तो आइसोलेसन बेड तथा वार्डमा खटिएका जनशक्ति

(३) संक्रमण भई उपचाररत रहेका व्यक्तिको उपचारमा खटिएका जनशक्ति ।

(ग) देहाय बमोजिमका प्रयोगशालामा परीक्षणमा संलग्न जनशक्तिः

(१) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना संकलन प्याकिङ र ढुवानीमा संलग्न जनशक्ति,

(२) कोभिड-१९ को संक्रमणको शंकास्पद व्यक्तिको नमूना परीक्षण र प्रमाणिकरण गर्ने जनशक्ति ।

(घ) खण्ड (क), (ख) र (ग) बमोजिमको जनशक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोगका लागि तत् तत् स्थानमा खटिएका जनशक्ति,

(ङ) कोभिड-१९ को बिरामीसंग सम्पर्कमा आएकाहरुको खोजी कार्य कन्ट्याक्ट ट्रेसिङ मा खटिएका स्वास्थ्यकर्मी,

(च) यस दफामा उल्लिखित जनशक्ति बाहेक मर्चवारी गाउँपालिकामा उल्लिखित जनशक्तिको

व्यवस्थापनमा संलग्न जनशक्ति ।

**४. विवरण तथा कागजात संलग्न गर्नुपर्नेः**

(१) जोखिम भत्ता प्राप्त गर्नका लागि पुष्ट्याइँ सहितको देहाय बमोजिमका विवरण तथा कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

(क) दफा (३) बमोजिमको कार्य गर्नका लागि खटाएको प्रमाण वा खटिएको स्थानमा कार्य गरेको प्रमाणित हाजिरी ।

(ख) क्वारेन्टाइनको हकमा संभावित संक्रमित व्यक्ति क्वारेन्टाइनमा बसेको बिषय पुस्ट्याइँ गर्ने विवरण ।

(ग) फिवर (ज्वरो) क्लिनिकको हकमा फिवर क्लिनिक संचालन गरेको प्रमाण तथा फिवर क्लिनिकमा चेकजाँच गरेका व्यक्तिको विवरण ।

(घ) उपचारमा संलग्न जनशक्तिको हकमा शुरु परीक्षण गरेका आइसोलेसनमा राखेका तथा संक्रमणको पुष्टि भई उपचार गरेका विरामीहरुको विवरण ।

(ङ) प्रयोगशाला परीक्षणमा संलग्न जनशक्तिको हकमा नमूना संकलन गरिएका तथा प्रयोगशाला परीक्षण गरिएका व्यक्तिको विवरण

५. रकम उपलब्ध गराउनेः कोभिड-१९ को संक्रमणको पहिचान रोकथाम नियन्त्रण तथा उपचारमा संलग्न जनशक्तिलाई जोखिम भत्ता बापतको रकम मर्चवारी गाउँपालिकाले उपलब्ध गराउनेछ ।

६. जोखिम भत्ताः देहायको जनशक्तिलाई देहाय बमोजिम जोखिम भत्ता उपलब्ध गराइनेछ ।

(क) आर.डि.टि. तथा पि.सि.आर. परीक्षण गर्दा संक्रमण पुष्टि भई आइसोलेसनमा राखिएका बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा आर.डि.टि. पोजेटिभ पुष्टी भएका बिरामीको पि.सि.आर. परीक्षणका लागि नमूना संकलन गर्ने जनशक्तिलाईदोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको शत प्रतिशत ।

(ख) भारत, चीन तथा अन्य विदेशी मुलुकहरुबाट नेपाल आई मर्चवारी गाउँपालिकाका बिभिन्न क्वारेन्टाइनमा बसेका मानिसहरुको स्वास्थ्य सुरक्षाका लागि क्वारेन्टाइनमा प्रत्यक्ष रुपमा खटेका स्वास्थ्यकर्मीलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको पचहत्तर प्रतिशत ।

(ग) कोभिड-१९ को महामारी शुरु भइसकेपछि भारत संग सीमा जोडिएका मर्चवारी गाउँपालिका भित्रका विभिन्न सिमा नाकाहरुमा स्थापना गरिएका हेल्प डेस्कमा खटिएका जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको पचास प्रतिशत ।

(घ) खण्ड (क),(ख) र (ग) को कार्यमा सहयोग पुर्याउने कार्यमा संलग्न दफा ३ को खण्ड (च) बमोजिम तोकिएका जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको पचहत्तर प्रतिशत ।

७. अनुगमन गर्ने: जोखिम भत्ता लागु भए नभएको र जोखिम भत्ताको दुरुपयोग भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन गर्नेछ ।

८. जोखिम भत्ताको अवधिः

(१) जोखिम भत्ता पाउने जनशक्तिलाई २०७६ साल चैत्र ९ देखि जोखिम भत्ता उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिमको जोखिम भत्ता नेपालमा कोभिड-१९ नियन्त्रण भइसकेको वा जोखिम नरहेको भनी नेपाल सरकारले निर्णय गरेको मिति वा २०७७ साल असार मसान्त मध्ये जुन अघि हुन्छ सोही अवधिसम्म कायम रहनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको निर्णय बमोजिम म्याद थप्न सकिनेछ ।

**प्रमाणिकरण मिति : २०७७/०२/२८**

**आज्ञाले**
**रामप्रसाद ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**